**अनुसुची - ३२**
**(नियम ५७ को उपनियम (२) संग सम्बन्धित)**

# लेखाव्यवसायी फर्म दर्ता दरखास्त

मितिः...................................

श्री कार्यकारी निर्देशकज्यू,
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था,
काठमाडौं ।

महोदय,

म एक्लै / हामी संयुक्त रुपमा निम्न वमोजिमको लेखाव्यवसायी फर्म दर्ता गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ वमोजिम यो निवेदन पेश गरेको छु / गरेका छौं । फर्म सम्वन्धी विवरण निम्न बमोजिम छ । फर्मको साझेदारी सहमति पत्र पनि यसै साथ छ ।

१. फर्मको नाम (नेपालीमा) : ..........................................................................................

(अंग्रेजीमा) : ..........................................................................................................

श्रेणी : चार्टर्ड एकाउन्टेन्ट / रजिष्टर्ड अडिटर

२. फर्मको ठेगाना : ..........................................................................................

३. फर्मको प्रोप्राईटर वा साझेदारहरुको नाम :

| नाम | ठेगाना | अंश | सदस्यता नं. | पे.प्र.प. | | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | वर्ग | नम्वर | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**निवेदनका साथ संलग्न गर्नु पर्ने कागजातहरु :**

१. सबै साझेदारहरुको सदस्यता, पेशागत प्रमाणपत्र र पेशागत प्रमाणपत्रको नविकरण निस्साको प्रतिलिपि ।
२. सबै साझेदारहरुको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३.साझेदारहरु कुनै कार्यालय वा लेखाव्यवसायी फर्ममा कार्यरत भए उक्त कार्यालय वा फर्मको स्वीकृती पत्र ।

**नोट :**

१. साझेदारी फर्म दर्ताको निवेदनमा सवै साझेदारहरुले अनिवार्य हस्ताक्षर गर्नु पर्नेछ । साझेदारी संझौता पत्रमा नियम ५७ को उप नियम ३ मा उल्लेखित विषयहरु अनिवार्य रुपमा उल्लेख भएको हुनु पर्नेछ ।
**थप जानकारीको लागि पछाडि हेर्नुहोला ।**

# लेखाव्यवसायी संस्था सम्वन्धी व्यवस्था (नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१)

५७. लेखाव्यवसायी संस्थाको दर्ता गराउनु पर्ने : (१) लेखा व्यवसाय संचालन गर्ने सदस्यले एकलौटी (सोल प्रोप्राइटरशीप) वा आफ्नो श्रणी वा बर्गका एक भन्दा बढी सदस्यहरु साझेदार भई साझेदारी फर्म दर्ता गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम एकलौटी वा साझेदारी फर्म दर्ता गराउन परिषदले समय समयमा तोकेको शुल्क र साझेदारहरु बीच भएको साझेदारी सहमती पत्रको प्रतिलिपी सहित अनुसुची ३० को ढाचामा संस्थामा निवेदन दिनू पर्नेछ ।

(३) उपनियम (२) बमोजिम साझेदारहरु बीच भएको सहमतिपत्र -पार्टनरशीप डिड) मा अन्य कुराको अतिरिक्त देहायको विषयहरु उल्लेख भएको हुनु पर्नेछ :

(क) प्रत्येक साझेदारले लिएको शेयर संख्या,

(ख) नयां साझेदार भित्रिने वा साझेदारले साझेदारी छोडने कार्यविधी,

(ग) साझेदारी भंग हुने व्यवस्था,

(घ) साझेदारी भंग हुदा फर्मको नाम कायम राख्ने व्यवस्था,

(ङ) साझेदारी भंग हुदा व्यवसाय, सम्पत्ति र दायित्वको बांडफाड

(च) साझेदारीबाट अलग हुने साझेदारको दायित्व सम्वन्धी व्यवस्था

(छ) नाफा नोक्सानको बांडफाड सम्बन्धी व्यवस्था

(ज) साझेदारीमा रहेका साझेदारहरुले एकल फर्मबाट कारोबार गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था ।

५८. लेखाव्यवसायी संस्थाको नाम : (१) नियम ५७ बमोजिम लेखाव्यवसायी संस्था दर्ता गराउदा एकलाटी फर्म भए फर्म धनीको र साझेदारी फर्म भए एक जना साझेदार वा साझेदारहरुको नाम वा थर पुरा वा छोटकरीमा झल्कने हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको फर्ममा त्यस्तो फर्मको धनीको नाम मात्र वा नामको पछाडि एण्ड एसोसियट्स  वा एसोसियट्स भएको फर्म दर्ता हुन सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम एकलौटी वा साझेदारी फर्मको नाम दर्ता गराउदा असम्वन्धित नामबाट गराउन सकिने छैन ।

तर तत्काल प्रचलित लेखापरीक्षक ऐन, २०३१ बमोजिम कुनै सदस्यले आफ्नो श्रीमान वा श्रीमति, आफूले पालन पोषण गर्नु पर्ने छोरा वा छोरी, आमा वा वावुको नाममा लेखाव्यवसायी संस्था दर्ता गराएको प्रमाण पेश भएमा त्यस्तो नाममा पनि त्यस्तो संस्था दर्ता हुन सक्नेछ ।

(४) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाको नाममा वा त्यस्तो संस्थाको नाम सहित वा त्यस्तो संस्थाको नाम वा सम्वन्ध झल्कने गरी लेखाव्यवसायी संस्था दर्ता गर्नू परेमा प्रस्तावित लेखाव्यवसायी संस्था र त्यस्तो विदेशी संस्था वीच सो सम्वन्धमा सहमति भएको हुनु पर्नेछ र सोको प्रतिलिपी निवेदन गर्दाका वखत दाखिला गर्नु पर्नेछ ।